# मर्चवारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रायपुर, रुपन्देही

लुम्बिनी प्रदेश

---

मर्चवारी गाउँपालिका

स्थानिय राजपत्र

---

मर्चवारी गाउँपालिका

---

कार्यपालिकाबाट स्वीकृत मिति :२०७९/१२/०९

**मर्चवारी गाउँपालिकाको अनुगमन तथा मूल्यांकन कार्यविधि २०७९**

परिच्छेद- १ ..............................

१ संक्षिप्त नाम र प्रारम्भ ..............................

२ परिभाषा ..............................

परिच्छेद- २ ..............................

३ अनुगमन तथा मुल्यांकन समिति

४ अनुगमन तथा मुल्यांकन समितिको काम कर्तब्य र अधिकार..........

५ आयोजनाको प्रभाव मुल्यांकन ..................................

परिच्छेद- ३

६ अनुगमन तथा मुल्यांकन सुविधा ..................................

परिछेद- ४ ..................................................................

७ अनुगमन तथा मुल्यांकन प्रतिवेदन ..........................................

८ प्रतिवेदन गर्ने अवधि ...............................................

परिछेद- ५

९ बाधा अडकाउ फुकाउ तथा संशोधन ................................

...या प्रसाद बरई
अध्यक्ष

## मर्चवारी गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्विकृत मितिः २०७९।१२।०९

### प्रस्तावना

मर्चवारी गाउँपालिकाद्वारा संचालित योजना तथा कार्यक्रमहरुलाई अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बनेको मर्चवारी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने नियमावली, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग मर्चवारी गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद- १

**प्रारम्भिक १. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"मर्चवारी गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७९"** स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषणः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले मर्चवारी गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७९ लाई सम्झनु पर्छ ।

(ख ) "पालिका" भन्नाले मर्चवारी गाउँपालिका रायपुर, रुपन्देही सम्झनुपर्छ ।

(ग ) "अनुगमन" भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ/छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ/छैन भनि गाउँ कार्यपालिकाबाट तोकिएका पदाधिकारी तथा कर्मचारीहरुवाट निरन्तर र आवधिक रुपमा निगरानी राखे कार्यलाई सम्झनु पर्छ ।

((घ) "मुल्यांकन" भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजन तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलब्धी एवं प्रभावहरु हासिल भएका छन भन्ने कुरा लेखा जोखा गर्ने कार्य सम्झनु पर्छ ।

( ङ ) "अनुगमन मूल्यांकन समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिकास्तरको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ ।

प्रमोद बरई
अध्यक्ष

CamScanner

## परिच्छेद- २

# अनुगमन तथा मूल्याङ्कन समिति

**३. अनुगमन तथा मूल्याङ्कन समितिः**

(१) गाउँपालिका सञ्चलित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी वनाउन देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहेनेछ।

(क) गाउँपालिका उपाध्यक्ष- संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति- सदस्य

(ग) प्राविधिक शाखाका प्रमुख वा निजले तोकेको व्यक्ति- सदस्य

(घ) सम्वन्धित वडाका वडाध्यक्ष- सदस्य

(ङ.) योजन तथा अनुगमन शाखाको प्रमुख वा निजले तोकेको व्यक्ति -सदस्य सचिव

यस अनुगमन तथा मुल्यांकन समितिमा आवश्यकता अनुसार ३ जनालाई आमन्त्रित गर्न सकिनेछ।

तर, उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरियता कायम गर्नका लागि अन्य प्राविधिक टोली कार्यालय सहयोगी समेतको सहयोग लिन सकिने छ।

(२) गाउँपालिका वा वडा स्तरवाट संचालित योजनाहरुको हकमा योजनाको सार्वजाजिक परिक्षण गर्दा गा.पा. अध्यक्ष तथा सम्वन्धित वडाका वडा अध्यक्षको रोहवरमा गर्नु पर्नेछ र सो समयमा योजना अनुगमन समितिका पदाधिकारी समेत सहभागीताको लागी प्रयास गरिनेछ।

(३) वडा स्तरमा संचालित कुनै पनि योजनाहरुको अनुगमन तथा मुल्याङ्कन वडा समिति वाट पनि निरन्तर रुपमा गारिनेछ। उक्त अनुगमनमा देखिएका कुराहरु वडा अध्यक्ष मार्फत गाउँपालिका स्तरीय अनुगमन समिति समक्ष पेश गारिछ।

**४. अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः**

(१) दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकामा सञ्चलित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चलनको क्रममा गाउँ सभा तथा गाउँकार्यपालिका बाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने।

मया प्रसाद बरई
अध्यक्ष

CamScanner

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चलनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन प्रतिवेदन तयार गरी गा.पा. कार्यालयमा पेश गर्ने ।

(ङ) गाउँ सभा, गाउँकार्यपालिका तथा पालिका प्रमुखले तोकेका अन्य कार्यहरु गर्ने ।

(च) अन्तिम अनुगमन तथा मुल्याङ्कनका क्रममा उपभोक्त समिति वा प्राविधिक बाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कार्वाही लागि सिफारिस गर्ने ।

**५.आयोजनाको प्रभाव मूल्याङ्कनः**

(१) गाउँपालिका वा वडा स्तरीय योजनाहरु मध्ये रु. ४ लाख भन्दा कम लागतका योजनाहरुको हकमा वडा समितिबाटै गरिएको अनुगमन मुल्याङ्कनका आधारमा प्राप्त प्रतिवेदन सहितको सिफारिसका आधारमा पनि रकम भुक्तानीका लागि सिफारिस गर्न सक्नेछ ।

(२) वडा स्तरीय समितिबाट प्राप्त अनुगमन मुल्याङ्कनका आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा आवश्यक ठानेमा गाउँपालिका स्तरीय समितिबाट अनुगमन गरिनेछ ।

## परिच्छेद- ३

## अनुगमन तथा मुल्याङ्कन सुविधाः

**६. अनुगमन तथा मुल्याङ्कन सुविधाः**

(१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन सुविधा प्रप्ता गर्ने छन् ।

(क) अनुगमन प्रतिदिन रु. १०००।००

(ख) अनुगमन गरेको प्रतिदिन खाजा वापत रु. २००।- अनुगमन तथा मुल्यांकन समितिका पदाधिकारी तथा कर्मचारीहरुले खाजा वापतको सुविधा प्राप्त गर्नेछन् ।

२. यस कार्यविधिमा जे सुकै उल्लेख भएपनि यो कार्यविधि जारी हुन भन्दा पहिला अनुगमन समितिका पदाधिकारीहरुले प्राप्त गरेको अनुगमन तथा मुल्यांकन सुविधा यसै कार्यविधि बमोजिम लिएको मानिने छ ।

गया प्रसाद बराई
अध्यक्ष

गैडहवा गाउँपालिका गाउँ कार्यपालिका रायपुर, रुपन्देही लुम्बिनी प्रदेश

CamScanner

## परिच्छेद- ४

**७. अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन:**
दफा ३ को उपदफा १ बमोजिम गठित अनुगमन तथा मुलयाङ्कन समितिले अनुसूचि -१ बमोजिमको ढाँचामा अनुगमन तथा मुलयाङ्कन प्रतिवेदन तयार गरी गाउँ पालिका प्रमुख मार्फत कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

**८. प्रतिवेदनपेश गर्ने अवधि:**
१ दफा ३ को उपदफा (१) बमोजिमको समितिले अनुसुचि- १ बमोजिमको प्रतिवेदन गाउँ कार्यपालिका बैठक समक्ष त्रैमासिक रुपमा पेश गर्नु पर्नेछ ।
२ यो कार्यविधि २०७९।०४।०१ गते देखि लागु भएको मानिनेछ ।

## परिच्छेद- ५

**विविध**

**९. बाधा अड्काउ फुकाउ तथा संशोधन:**

(१) यो कार्यविधि कार्यान्वयनको सन्दर्भमा बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।
(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

गंगा प्रसाद बरई
अध्यक्ष

मर्चवारी गाउँपालिका
रायपुर रुपन्देही
वडा नं...... ।
योजना अनुगमन प्रतिवेदन

श्री गाउँपालिका अध्यक्ष ज्यू
मर्चवारी गाउँपालिका
रायपुर रुपन्देही ।-

मर्चवारी गाउँपालिकाको गाउँ सभाले आ.व. ......................... मा संचालनका लागि पारित गरेको तपसिल वमोजिमको योजजन संचालन पश्चचात गाउँ स्तरीय अनुगमन टोलीले योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन् ।

१ योजनाको नाम .....................................
२ योजना संचालन भएको स्थान .................................
३ विनियोजित रकम ...................: जन श्रमदान ................ कुल लागत................
४ सम्फौता मिति ...................सम्पन्न गर्नुपर्ने मिति ............. सम्पन्न भएको मिति.........
५ अनुगमन क्रममा देखिएका कुराहरु:-

| क्र.स | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | आयोजनाको प्राविधिक उपयुक्तता र गुणस्तर | | | |
| २ | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ३ | सार्वजनिक परीक्षण (उपस्थित संख्या समेत उल्लेख गर्ने) | | | |
| ४ | आयोजना सूचना पाटी (सवैले देखे ठाउँमा) | | | |
| ५ | तोकिएको समाग्री प्रयोग | | | |
| ६ | योजना तोकिएको अवधिभित्र सम्पन्न/कार्यान्वयन | | | |
| ७ | समय समयमा प्राविधिक अनुगमन तथा सुपरिवेक्षण | | | |
| ८ | कार्यक्रम/योजनामा देहोरोपन | | | |
| ९ | योजना लक्ष्य प्राप्तिका लागि प्रभावकारी | | | |
| १० | ठुला मेशिनरी उपकरणको प्रयोगमा कम प्राथमिकता दिए | | | |
| ११ | पारदर्शिता भए | | | |

६. आयोजना संचालनमा देखिएका समस्याहरु :-
१.
२.
३.

गया प्रसाद बरई
अध्यक्ष

७. अनुगमन समितको सुफावहरु :-

१.

२.

कम्पनी प्रोपराईटर/पदाधिकारी/उ.स. अध्यक्ष

दस्तखत..............................

नाम..................................

८. अनुगमन समितिको निष्कर्ष :

९. अनुगमनमा संलग्न जनप्रतिनिधि/पदाधिकारी :-

| क्र.स | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | उपाध्यक्ष | संयोजक | | |
| २ | प्रमुख प्रशासकीय अधिकृत निजले तोकेको व्यक्ति | सदस्य | | |
| ३ | प्राविधिक शाखा प्रमुख वा निजले तोकेको व्यक्ति | सदस्य | | |
| ४ | सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य | | |
| ५ | योजना तथा अनुगमन शाखा प्रमुख वा निजले तोकेको व्यक्ति | सदस्य सचिव | | |
| | आमन्त्रित | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| | | | | |
| | | | | |
| | | | | |

गया प्रसाद बरई
अध्यक्ष